# रामग्राम नगरपालिका कार्यालय

परासी, नवलपरासी

## प्राविधिक तथा आर्थिक प्रस्ताव आवह्वानको सुचना

(सुचना प्रकाशित मिति २०७३/१०/९)

रामग्राम नगरपालिकाबाट चालु आ.ब.०७३/०७४को प्रत्यक्ष रुपमा फाईदा पुग्ने लक्षीत बर्गका कार्यकमहरु फर्म तथा रजिष्टर्ड गैर सरकारी संस्थाहरुलाई सेवा प्रदायको रुपमा छनौट गरी ती सेवा प्रदायक मार्फत कार्यक्रम संचालन गरिने भएको हुदा । उक्त कार्य संचालन गर्न इच्छुक फर्म तथा समुदायमा आधारित रजिष्टर्ड सामुदायिक संस्थाहरु, गैर सरकारी संघ संस्थाले सिलवदी प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

१. प्राविधिक तथा आर्थिक प्रस्ताव दस्तावेज रु ३०० मा सामाजिक विकास शाखाबाट २०७३/१०/१७ गते ५:०० वजे भित्र खरिद गर्न सकिनेछ ।

२. प्रस्तावकले तोकिएको ढांचामा प्राविधिक तथा आर्थिक प्रस्ताव तयार गरी खाममा सिलवंदी गरी नगरपालिका सामाजिक विकास शाखामा पेश गर्नु पर्नेछ । सिलवंदी नभएको खामलाई मुल्यांकनमा समावेश गरिने छैन ।

३. प्रत्येक कार्यकमका लागि छुट्टा छुट्टै प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नु पर्नेछ र एउटा फर्म र रजिष्टर्ड समुदायमा आधारित सामुदायिक संस्थाहरुले वढीमा २ वटा कार्यकममा प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्न सक्नेछ ।

४. उक्त प्रस्तावहरु मिति २०७३/१०/१८ गते १२:०० वजे भित्र सामाजिक विकास शाखामा दर्ता गरिसक्नुपर्नेछ । उक्त समय पछि प्राप्त प्रस्तावलाई मुल्यांकनमा समावेश गरिने छैन ।

५. रितपूर्वक पेश भई आएका प्रस्तावहरु सम्वन्धित फर्म वा स्थानीय सेवा प्रदायक प्रतिनिधिहरुको रोहवरमा, मिति २०७३/१०/१८ गते २:०० वजे खोलिने छ । तोकिएको समयमा दर्तावाला प्रतिनिधि स्वयं उपस्थित हुनु पर्ने उपस्थित नभए खोल्न बाधा पर्ने छैन

६. स्वीकृत प्रस्तावको जानकारी प्राप्त भए पश्चात सम्वन्धित क्षेत्रको सम्वन्धित वर्गको लाभग्राहीहरुको नामावली न.पा.को समन्वयमा ७ दिन भित्र संकलन गरि पेश गरे पश्चात मात्र सम्झौता गरिने छ तोकिएको समयमा नामावली पेश गरि सम्झौता नगरेमा नियमानुसार कार्यवाही गरिने छ

७. संस्थाहरुको नाममा यस कार्यालयमा कुनै किसिमको वेरुजु भएमा निज संस्थालाई कार्यकम उपलब्ध गराइने छैन ।

७. प्रस्ताव स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा हुनेछ ।

८. यस सम्बन्धमा थप जानकारी लिन परेमा सामाजिक विकास शाखामा सम्पर्क राख्न सक्नुहुनेछ ।

९. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

| सि.न. | कार्यकमको नाम | कार्यकम गरिने वडा | लक्षित वर्ग | कार्यकम वजेट |
|---|---|---|---|---|
| १ | च्याउ खेती तालिम | सबै वडा | महिला | २०००००।०० |
| २ | आय आर्जन तालिम | सबै वडा | महिला | २०००००।०० |
| ३ | नेतृत्व विकास तालिम | सबै वडा | महिला | २०००००।०० |
| ५ | मखमली चप्पल उत्पादन तालिम | सबै वडा | महिला | १०००००।०० |
| ६ | कुशन बनाउने तालिम | सबै वडा | महिला | ७५०००।०० |
| ७ | व्यवसायिक तरकारी खेती, | सबै वडा | आदिवासी जनजाती | २०००००।०० |
| ८ | पलम्बिंग तालिम | सबै वडा | मधेशी | १५००००।०० |
| ९ | इलेक्टिकल तालिम | सबै वडा | मधेशी | १५००००।०० |
| १० | कम्प्युटर तालिम | सबै वडा | युवा | १०००००।०० |

कुन्दन कुमार चौधरी
(नि.कार्यकारी अधिकृत)
नि. कार्यकारी अधिकृत